कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.
०८३-५२३६७२

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

मिति: २०८३/०२/२८

विषय: जानकारी सम्बन्धमा ।

कालिकोट जिल्ला नरहरिनाथ गाउँपालिका वडा नं.-३ निवासी श्री राजकुमार विष्टको श्रीमती श्री भावना विष्ट (वर्ष २७) लाई मिति २०८२ चैत्र ३० गते साँझ प्रदेश अस्पताल सुर्खेतमा गर्भवस्थाको शल्यक्रियाबाट उपचार गर्न भर्ना गरिएको र निजको शल्यक्रिया सोही दिन सम्पन्न भएको थियो । निजको स्वास्थ्य अवस्थामा जटिलता उत्पन्न भएकाले पुनः २०८३ वैशाख २ गते दोस्रो पटक शल्यक्रिया भएको थियो भने निजको स्वास्थ्यमा थप जटिलता देखिएपछि २०८३ वैशाख ४ गते काठमाडौं रिफर भए लगतै निजको मृत्यु भएकोमा सो घटनाको सत्य तथ्य सार्वजनिक गर्न यस मन्त्रालयमा २०८३ वैशाख ५ गते मृतकका आफन्तबाट निवेदन प्राप्त भएको र सो घटनाको सत्य तथ्य छानविन गर्ने उदेश्यले माननीय सामाजिक विकास मन्त्रीज्यूको अध्यक्षतामा बसेको प्रदेश स्वास्थ्य समन्वय समितिको २०८३ वैशाख १० गतेको बैठकले यस मन्त्रालयका स्वास्थ्य सेवा महाशाखा प्रमुख, श्री वृष बहादुर शाहीको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरेको थियो । छानविन समितिको सदस्यका रुपमा रहेका त्रि.वि.वि. शिक्षण अस्पतालबाट खटाइएका वरिष्ठ चिकित्सक निजको कार्यव्यस्तताका कारण सुर्खेत आउन नसकेकोले पुनः यस मन्त्रालयबाट नेपाल मेडिकल काउन्सिललाई पत्राचार गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा कार्यरत डा.कीर्तिपाल सुवेदी, वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञलाई (नेपाल मेडिकल काउन्सिल, प्रतिनिधि- सदस्य) तोकिएको थियो । तत्पश्चात उक्त समितिले मिति २०८३/०२/२१ गते यस मन्त्रालययमा प्रतिवेदन पेश गरेको छ ।
उक्त प्रतिवेदनमा **"चिकित्सकीय लापरबाही वा त्रूटी सम्बन्धमा नेपाल मेडिकल काउन्सिल ऐनको दफा ७क को उपदफा(१) को खण्ड(ङ) मा भएको व्यवस्था अनुसार समितिको क्षेत्राधिकार नपर्ने, प्रदेश अस्पतालमा पर्याप्त विशेषज्ञ जनशक्ति व्यवस्थापन गर्नुपर्ने, चिकित्सक तथा स्वास्थ्यकर्मीले सेवाग्राहीसँग पर्याप्त परामर्श, सूचना प्रवाह प्रणालीलाई थप प्रभावकारी बनाउने"** निष्कर्ष रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

०८३/०२/२८
डा. शंकर प्रसाद रिजाल
आयुर्वेद चिकित्सक



CamScanner